" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८१/०८२

मिति : २०८२/०३/१७

आ.ठे.सू.नं. :

ने.सं.११४५ दिल्लाथ्व ६ मंगलबार

## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) सम्बन्धी सूचना

## ठेक्का आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१७**

मिक्लाजुङ गाउँपालिकाको आर्थिक ऐन, २०८२ अनुसार आ.व. २०८२/०८३ को आन्तरिक आय संकलनका देहाय शीर्षकहरूको ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था तथा फर्महरूबाट देहायका शिर्षकको म्याद भित्र तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी Hardcopy को माध्यमबाट दरभाउपत्र खरिद गरी पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। इच्छुक फर्म/ संस्था/ प्रा.लि.ले दरभाउपत्र वापतको रकम यस कार्यालयको रवि स्थित कृषि विकास बैंकमा रवि शाखाको ग१.१ आन्तरिक राजस्व खाता, खाता नं.०६२५१०१३९५१२५११२ (राजस्व शिर्षक नं.१४२२९) मा पछि फिर्ता नहुने गरी दरभाउपत्र पेश गर्न इच्छुक फर्महरुलाई जानकारी गराइन्छ।

शर्तहरू

१) दरभाउपत्र फारम पहिलो पटक प्रकाशित मितिदेखि १० दिन भित्र निवेदनका साथ उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले मिति २०८२/०३/२६ गते सम्म कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्र फारम शिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम, ठेगाना, ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८२/०३/२७ गते दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ।

३) खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले २०८२/०३/२७ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खोलिएको दिन सोही बमोजिम हुनेछ।

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

५) उल्लेखित दरभाउपत्रहरु फर्मको नाममा दरभाउ गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि, स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यवसाय कर प्रमाणपत्रको नविकरण प्रतिलिपि, स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

६) धरौटी वापतको रकम आफूले कबोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५(पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए १०(दश) प्रतिशतका दरले हुन आउने रकम धरौटी बापत यस मिक्लाजुङ गाउँपालिका कार्यालयको नाममा रहेको रवि स्थित कृषि बिकास बैङ्क शाखा ग ३.१ स्थानीय धरौटी खाता, खाता नं.०६२५१०१३९५९२५०६६ मा दाखिला गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथै राखी पेश गर्नुपर्नेछ।

७) म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुनेछैन।

८) दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिबृद्धि कर (भ्याट बाहेको दररेट) उल्लेख गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहीछाप हुनुपर्नेछ।

९) यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

१०) ठेक्का स्वीकृत भई किस्ता बन्दीमा रकम राखी दाखिला गर्न चाहेमा पहिला किस्ता सम्झौता गर्नुपूर्व र बाँकी किस्ताको रकम बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको आयबन्दोबस्ती ठेक्का नं. तथा ठेक्का नाममा जारी भएको बैङ्क ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। सम्झौता समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १०(दश) प्रतिशतले हुन आउने रकम छुट दिइनेछ तथा समयमा किस्ता रकम नबुझाएमा बैङ्क ग्यारेन्टीबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

११) ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ।

१२) ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने सबै प्रकारका कर (मु.अ.कर समेत) ठेकेदार स्वयंमले बुझाउनुपर्नेछ।

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८१/०८२

मिति : २०८२/०३/१७

आ.ठे.सू.नं. :

ने.सं.११४५ दिल्लाथ्व ६ मंगलबार

१३)ठेक्काको चलन पुर्जी, ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ। कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन।

१४) आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारीको व्यवस्था, बन्दोबस्ती सामान ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ। रसिदमा अनिवार्य रुपमा सि.नं., मिक्लाजुङ गाउँपालिका कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ। छाप तथा रसिद सि.नं. नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कारवाही गरिनेछ।

१५) दरभाउपत्र दाता र गाउँपालिकाबिच कुनै किसिमको मतभिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ। यस सूचनामा उल्लेखिन नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ। अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र(सम्पर्क नम्बर९७४४३२०००२)मा सम्पर्क राख्न सकिनेछ।

तपसिलः-

| आयठेक्का सूचना नं. | आयठेक्का विवरण | न्यूनतम वार्षिक ठेक्का रकम (मू.अ.कर बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|
| ०१/०८२/८३ | हाटबजार तथा पूर्वाधार उपयोग कर रवि बजार क्षेत्र | रु.३,५०,०००।०० तिनलाख पचास हजार | रु.१,०००।- |
| ०२/०८२/८३ | अन्य वस्तुहरुको उपयोग(निकासी) व्यवस्थापन कर | रु.८,००,०००।०० आठलाख रुपैयाँ | रु.१,०००।- |

सन्तोष श्रेष्ठ
२०८२/०३/१८

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत